बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

बैठक संख्याः- ०८

आज मिति २०८२ साल मंसिर ०६ गते शनिबारका दिन बिहान ११:०० बजे बान्नीगढी जयगढ गाउँपालिकाका अध्यक्ष श्री टेक बहादुर साउँद ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक देहायको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णयहरु गरियो ।

**उपस्थितिः**

| क्र.स. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री टेक बहादुर साउँद | अध्यक्ष | |
| २ | श्री बिन्दु रावल | उपाध्यक्ष | |
| ३ | श्री गजेन्द्र बहादुर खड्का | वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ४ | श्री नेत्र बहादुर साउद | वडा अध्यक्ष/कार्यपालिका सदस्य | — |
| ५ | श्री नवराज साउँद | वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ६ | श्री किरन बहादुर खत्री | वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ७ | श्री टंक बहादुर साउँद | वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ८ | श्री जगत बहादुर थापा | वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ९ | श्री तुलसी थापा | कार्यपालिका सदस्य | तुलसी |
| १० | श्री ललिता देवी स्वार | कार्यपालिका सदस्य | — |
| ११ | श्री पदमा साउद | कार्यपालिका सदस्य | — |
| १२ | श्री पशुपति कुमारी लुहार सुनार | कार्यपालिका सदस्य | |
| १३ | श्री तर्क टमट्टा | कार्यपालिका सदस्य | |
| १४ | श्री मोहनलाल ताम्राकार टमट्टा | कार्यपालिका सदस्य | |
| १५ | श्री झनक रेग्मी | नि.प्र.प्र.अ./ सचिव | |

**आमन्त्रितः-**

१ श्री अर्जुन प्रसाद जोशी - लेखा अधिकृत हैसियत

बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

बैठक संख्या:- ०८

**प्रस्तावहरु:-**

१. ३ नं. वडा कार्यालयको भवन निर्माणका लागि निःशुल्क जग्गा प्राप्ति सम्बन्धमा ।

२. स्थानीय पाठ्यपुस्तक (कक्षा ६-८) लेखन सम्बन्धमा ।

३. फाइबर नेट जडान सम्बन्धमा ।

४. घरनक्सा पास कार्यविधि सम्बन्धमा ।

५. कर्मचारी विज्ञापन सम्बन्धमा ।

**निर्णयहरु:-**

**निर्णय नं. १:-** प्रस्ताव नं. १ माथि छलफल गर्दा यस बान्नीगढी जयगढ गाउँपालिका अन्तर्गत वडा नं ३ बर्दादेवीको हाल वडा कार्यालय सञ्चालनमा रहेको भवनको जग्गा धनी पूर्जा वडा कार्यालयको नाममा नभएको, उक्त भवन अस्थायी, पुरानो, जीर्ण र निर्धारित मापदण्ड अनुसार नभएको हुँदा वडा कार्यालयको मिति २०८२।०८।०४ गतेको सर्वदलिय, सर्वपक्षिय बैठकको निर्णय बमोजिम वडा कार्यालयको आफ्नै स्वामित्वमा मापदण्ड बमोजिमको भवन निर्माणका लागी जग्गा प्राप्ति ऐन, २०३४ तथा गाउँपालिका तथा नगरपालिकाको केन्द्र निर्धारण सम्बन्धी मापदण्ड,२०७५ मा भएको व्यवस्था बमोजिम भवन निर्माणका लागी आवश्यक जग्गा प्राप्तीका लागी हाल वडा कार्यालयको अस्थायी भवन रहेको स्थानबाट पूर्वः गैरिबजार, पश्चिमः ओखलढुङ्गा, उत्तरः भुवामाझ र दक्षिणः जयगढ मंगलसेन वा जयगढ माझेठाना रामारोशन सडकको ५० मिटर दाँया बाँया क्षेत्रभित्र निर्धारित मापदण्ड बमोजिमको जग्गा निःशुल्क रुपमा प्राप्ति गर्नका लागी १५ दिनको म्याद राखी सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ -** प्रस्ताव नं. २ माथी छलफल गर्दा यस बान्नीगढी जयगढ गाउँपालिकामा आधारभूत तह कक्षा ६ देखि ८ सम्म अध्ययनरत विद्यार्थीहरुका लागी स्थानीय पहिचान, भौगलिक, सांस्कृतिक, ऐतिहासिक तथा सामाजिक पक्षलाई समेटेको बान्नीगढी सेरोफेरो नामक स्थानीय पाठ्यपुस्तक विकास तथा लेखन कार्य आवश्यक देखिएको हुँदा कक्षा ६ देखि ८ सम्मका लागी उपयुक्त हुने गरी सो पुस्तक लेखनको कार्य गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखा मार्फत अगाडी बढाउन अनुमति प्रदान गर्ने निर्णय गरियो ।

बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

बैठक संख्याः- ०८

**निर्णय नं. ३ :-** प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस बान्नीगढी जयगढ गाउँपालिकाको कार्यालयमा हाल जडान गरिएका निजी तथा अन्य इन्टरनेट सेवाहरुको सेवा शुल्क महंगो भएको तथा इन्टरनेटको गति न्यून रहेको कारण डिजीटल सेवामा ढिलासुस्ती भएको हुँदा यो समस्याको दिर्घकालिन समाधानका लागी हाललाई गाउँपालिकाको प्रशासकीय भवन सम्म नेपाल टेलिकमकको फाईबर नेट (FTTH) सेवा विस्तार गर्न नेपाल टेलिकम प्रादेशिक निर्देशनालय, अत्तरिया कैलालीलाई औपचारिक रुपमा पत्राचार गर्ने निर्णय गरियो।

**निर्णय नं. ४ :-** प्रस्ताव नं .४ माथि छलफल गर्दा यस बान्नीगढी जयगढ गाउँपालिका क्षेत्रभित्र घरनक्सा पास सम्बन्धि प्रक्रियामा राष्ट्रिय भवन संहिता तथा मापदण्ड बमोजिम भवन निर्माण, अनुमति, अनुगमन र नियमन गर्ने उद्देश्ले घर नक्सा पास सम्बन्धि कार्यविधिको अवधारणा पत्रलाई स्विकृती प्रदान गर्ने निर्णय गरियो। साथै, घरनक्सा पास सम्बन्धि कार्यविधिको प्रारम्भिक मस्यौदा तयार गर्न पूर्वाधार विकास शाखालाई अनुमति प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं. ५ :-** प्रस्ताव नं .५ माथि छलफल गर्दा बान्नीगढी जयगढ गाउँपालिकाको स्वीकृत दरबन्दीमा रहेका देहायबमोजिमका रिक्त प्राविधिक पदहरूलाई करार सेवामार्फत पदपूर्ति गर्न आवश्यक भएको हुँदा कार्यपालिका बैठकले यस विषयमा विस्तृत छलफल गरी सुदूरपश्चिम प्रदेश स्थानीय सरकार गठन तथा सञ्चालन ऐन, २०८१ को दफा १५ मा भएको व्यवस्था अनुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सुदूरपश्चिम प्रदेश, धनगढी कैलाली बाट आवश्यक पूर्वस्वीकृति प्राप्त गर्ने र पूर्वस्वीकृति प्राप्त भएपछि मात्र करार पदपूर्तिका लागि दरखास्त आह्वान (विज्ञापन) गर्ने निर्णय गरियो।

तपसिलः-

| क्र.स. | पद/ सेवा, समूह | तह | संख्या |
|---|---|---|---|
| ०१. | नायब पशु स्वास्थ्य प्राविधिक | सहायकस्तर चौथो | १ (एक) |
| ०२. | नायब पशु सेवा प्राविधिक | सहायकस्तर चौथो | १ (एक) |
| ०३. | अ.न.मी./ स्वास्थ्य, पब्लिक हेल्थ, नर्सिङ | सहायकस्तर चौथो | २ (दुई) |
| ०४. | अ.हे.व./ स्वास्थ्य, हेल्थ इन्स्पेक्सन | सहायकस्तर चौथो | १ (एक) |
| ०५. | नायब प्राविधिक सहायक/ कृषि | सहायकस्तर चौथो | १ (एक) |